22nd June 2024

National News

**मुख्य समाचार**

- भारत अनि बंगलादेशबीच विभिन्न समझौता पत्रमा हस्ताक्षर
- 18 औं लोकसभाको पहिलो सत्र सोमबारदेखि सुरु हुने
- NTA-का परीक्षाहरूलाई पारदर्शी, सहज र निष्पक्ष बनाउन उच्चस्तरीय विशेषज्ञ समिति गठन
- देशमा आजदेखि लागू भयो नयाँ परीक्षा कानुन
- आर्चरी विश्वकपको कम्पाउण्ड टिम इभेन्टमा भारतले जित्यो स्वर्ण पदक
- टी–२० क्रिकेट विश्वकपमा भारत र बंगलादेश भिड्दै

**प्रधानमन्त्री बंगलादेश भ्रमण**

भारत अनि बंगलादेशबीच आज विभिन्न समझौता पत्रमा हस्ताक्षर भएका छन्। यी सम्झौताहरूले डिजिटल र हरित साझेदारी, सामुद्रिक सहयोग, स्वास्थ्य तथा औषधि, अन्तरिक्ष सहयोग, रेलवे कनेक्टिभिटी, समुद्र विज्ञान, आपदा प्रबन्धन अनि मत्स्यपालनका क्षेत्रहरू समेटेका छन्।

भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदी अनि बंगलादेशकी प्रधानमन्त्री श्रीमती शेख हसिनाबीच आज नयाँ दिल्लीमा भएको वार्तापछि यी सम्झौताहरूमा हस्ताक्षर भएका हुन्।

एक प्रेस विज्ञप्तिमा प्रधानमन्त्री श्री मोदीले बंगलादेश भारतको छिमेकी पहिलो र एक्ट इस्ट नीतिको आधारशिला भएको बताउनु भएको छ। उहाँले पछिल्लो एक वर्षमा दुवै देशले मिलेर जनहितका धेरै महत्वपूर्ण परियोजनाहरूमा काम गरेको बताउनु भयो। प्रधानमन्त्रीले भारत र बंगलादेशबीचको गंगा नदीमा विश्वको सबैभन्दा लामो नौका यात्रा बाहेक पाइपलाइन निर्माणको काम पनि सफलतापूर्वक सम्पन्न भएको बताउनु भयो।

आफ्नो प्रेस विज्ञप्तिमा बंगलादेशकी प्रधानमन्त्री श्रीमती शेख हसिनाले भारतलाई एक भरपर्दो मित्र र क्षेत्रीय साझेदारको रूपमा वर्णन गर्नुभएको छ। उहाँले दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउन प्रधानमन्त्री श्री मोदीलाई बंगलादेश भ्रमणको निम्तो पनि दिनु भएको छ।

बंगलादेशकी प्रधानमन्त्रीले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र उपराष्ट्रपति श्री जगदीप धनखडसँग पनि भेट गर्नुभयो। दुई दिने भारत भ्रमणका क्रममा उहाँ हिजो नयाँ दिल्ली आइपुग्नु भएको हो।

**संसद अधिवेशन**

18 औं लोकसभाको पहिलो सत्र सोमबारदेखि सुरु हुँदैछ। अधिवेशनमा नवनिर्वाचित सदस्यहरुको सपथ ग्रहण हुनेछ। भारतीय जनता पार्टी भाजपाका वरिष्ठ सांसद श्री भर्तृहरि महताबलाई प्रोटेम स्पीकर नियुक्त गरिएको छ, जसले नवनिर्वाचित लोकसभा सांसदहरूलाई सपथ ग्रहण गराउनु हुनेछ। नयाँ लोकसभा अध्यक्षको चयन यस महिनाको 26 तारिखमा हुनेछ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले 27 जुनमा लोकसभा र राज्यसभाको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुनेछ। राज्यसभाको अधिवेशन यही महिनाको २७ तारिकदेखि सुरु हुँदैछ। संसदको अधिवेशन आगामी महिनाको ३ तारिक समाप्त हुनेछ।

## NTA- COMMITTEE

राष्ट्रिय परीक्षा एजेन्सी NTA-का परीक्षाहरूलाई पारदर्शी, सहज र निष्पक्ष बनाउनका लागि शिक्षा मन्त्रालयले उच्चस्तरीय विशेषज्ञ समिति गठन गरेको छ। इसरोका पूर्व अध्यक्ष डा. के. राधाकृष्णनको अध्यक्षतामा रहेको सात सदस्यीय समितिलाई एनटीएको परीक्षा प्रक्रियामा सुधारका लागि दक्षता बढाउन र कमीकमजोरीहरूको समाधान गर्न, डाटा सुरक्षा प्रोटोकल सुधार गर्न र एजेन्सीको संरचना र कार्यप्रणालीको समीक्षा गर्न सिफारिस गर्ने जिम्मा दिइएको छ।

प्यानलले विद्यमान प्रक्रियाहरूको मूल्याङ्कन गर्नेछ भने सुधारहरूको सुझाउ दिनेछ तथा NTA को स्पष्ट भूमिका र जिम्मेवारीहरू परिभाषित गर्नेछ। समितिले हालका गुनासोहरू निवारण संयन्त्रको पनि मूल्याङ्कन गर्नेछ र सुधारका सुझाउहरू प्रस्ताव गर्नेछ। समितिलाई प्रतिवेदन बुझाउन दुई महिनाको समय दिइएको छ।

## जीएसटी-काउन्सिल-बैठक

वस्तु तथा सेवा कर परिषद्को ५३औँ बैठक आज नयाँ दिल्लीमा वित्तमन्त्री श्रीमती निर्मला सीतारमणको अध्यक्षतामा सम्पन्न भयो। GST परिषद्को अन्तिम बैठक गत वर्ष अक्टोबरमा भएको थियो, जसमा प्रस्तावित GST अपीलीय न्यायाधिकरणका अध्यक्ष र सदस्यहरूको नियुक्तिका सर्तहरूमा योग्यता र उमेर सीमा सम्बन्धी संशोधनहरू सिफारिस गरिएका थिए। परिषद्ले श्रीअन्नबाट बनाइएका खाद्यवस्तुमा जीएसटी नलिन सिफारिस गर्नुका साथै उखु किसानको बक्यौता छिट्टै भुक्तानी गर्न, पशु आहारको उत्पादन लागत घटाउन र गुड़मा जीएसटी घटाउन पनि सिफारिस गरेको थियो।

## वित्तमन्त्री- प्रि-बजेट

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले आज नयाँ दिल्लीमा सबै राज्य र केन्द्र शासित प्रदेशका वित्तमन्त्रीहरूसँग पूर्व-बजेट छलफल गर्नुभयो। बैठकमा गोवा, मेघालय, मिजोरम, नागाल्याण्ड र सिक्किमका मुख्यमन्त्रीहरू र बिहार, मध्य प्रदेश, ओडिशा, राजस्थान र तेलंगानाका उपमुख्यमन्त्रीहरू अनि केन्द्रीय वित्त राज्यमन्त्री श्री पंकज चौधरी, वित्त सचिव र वरिष्ठ अधिकारीहरूको सहभागिता थियो। हिजो वित्त मन्त्रीले प्रि-बजेटबारे किसान युनियनका प्रतिनिधि र कृषि अर्थशास्त्रीसँग छलफल गर्नुभएको थियो। वित्त मन्त्रीले आम बजेट 2024-25 को सन्दर्भमा निरन्तर बैठकहरू गरिरहनुभएको छ।

## नयाँ परीक्षा कानुन

प्रतियोगितात्मक परीक्षामा हुने कदाचार र अनियमिततालाई रोक्न केन्द्रले कडा कानुन बनाएको छ । यसमा दोषीलाई अधिकतम १० वर्ष कैद र १ करोड रुपियाँसम्म जरिवाना हुने व्यवस्था छ । सरकारी राजपत्रमा प्रकाशित सूचनामा कार्मिक मन्त्रालयले आजदेखि कानूनको व्यवस्था लागू हुने जनाएको छ ।

सार्वजनिक परीक्षाको अनुचित माध्यमको रोकथाम विधेयक, 2024,-लाई 6 फरवरीमा लोकसभा र 9 फरवरीमा राज्यसभाले पारित गरेका थिए। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले विधेयकलाई 12 फरवरीको दिन अनुमोदन गर्नुभएको थियो।

संघ लोक सेवा आयोग, कर्मचारी चयन आयोग, राष्ट्रिय परीक्षा एजेन्सी-एनटीए, रेलवे भर्ती बोर्ड, बैंकिङ भर्ती परीक्षा निकाय र अन्य सार्वजनिक परीक्षाहरूमा अनुचित तरिकाहरू रोक्न यो ऐन लागू गरिएको हो।

## तमिलनाडु कल्लाकुरिची

तमिलनाडुको कल्लाकुरिची विषाक्त मदिरा त्रासदीमा मृत्यु हुनेहरूको संख्या बढेर ५४ पुगेको छ। राज्य सरकारले अवैध मदिरा उत्पादन गर्ने विरुद्ध तत्काल कारबाही गर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देश दिएको छ ।

## जम्मू-कश्मीर प्रथम पूजा

जम्मू कश्मीरका उप राज्यपाल श्री मनोज सिन्हाले वार्षिक श्री अमरनाथ यात्राको शुरुवात गर्न आज भिडियो कन्फरेन्स मार्फत परम्परागत प्रथम पूजा गर्नुभयो। यस वर्ष, वार्षिक श्री अमरनाथ यात्रा 29 जुनमा दुबै मार्गहरू, पहलगाम-अनन्तनाग र बालटाल-गन्दरबल जिल्लाबाट एकै साथ सुरु हुनेछ।

## ओडिशा-स्नान यात्रा

ओडिशास्थित पुरी श्रीमन्दिरमा भगवान श्री जगन्नाथ अनि उहाँका दाजु र बहिनीको स्नान यात्रा आजदेखि सुरु भएको छ । बिहान दाता सेवकहरूले जयजगन्नाथको नाराका साथ भव्य शोभायात्रामा मुख्य मन्दिरको गर्भगृहमा रत्न सिंहासनबाट भगवान जगन्नाथ, भगवान बलभद्र, देवी सुभद्रा, सुदर्शन र मदनमोहनलाई निकालेका थिए।

प्रभुलाई मन्दिरको बाहिरी क्षेत्रमा नुहाउने वेदीमा लगियो। पुजारीहरूले पूजा गर्नअघि मन्दिर परिसर भित्र रहेको पवित्र कुवाको पानीले अभिषेक गरेका थिए। यो कुवालाई स्वर्ण कुवा पनि भनिन्छ ।

## आर्चेरी- गोल्ड

टर्कीमा भएको **अन्टाल्या** आर्चरी विश्वकप २०२४ मा कम्पाउण्ड टिम इभेन्टमा भारतकी ज्योति सुरेखा भेन्नम, प्रनीत कौर र अदिती स्वामीको टीमले स्वर्ण पदक जितेको छ । भारतीय महिला टीमले आज इस्टोनियालाई पराजित गर्दै स्वर्ण पदक जितेको हो। यो जितसँगै भारतीय टीमले यो सिजन क्लिन स्वीप गरेको छ। कम्पाउण्ड टिम इभेन्टमा तीनवटै विश्वकपमा भारतले स्वर्ण पदक जितेको छ ।

## T20 क्रिकेट विश्वकप

आईसीसी टी–२० क्रिकेट विश्वकपमा अबको केही बेरमा सुपर 8 अन्तर्गत भारत र बंगलादेश भिड्दैछन्। म्याच भारतीय समय अनुसार अहिले 8 बजी शुरु हुनेछ। भारतले पहिलो सुपर ८ खेलमा अफगानिस्तानलाई ४७ रनले पराजित गरिसकेको छ। आजको म्याच जितेर सेमिफाइनलमा पुग्न भारत आतुर रहेको छ।

सोमबार अष्ट्रेलियासँगको महत्वपूर्ण खेलअघि भारत अन्तिम चारमा पुग्ने प्रयासमा रहेकाले आजको खेल निकै महत्वपूर्ण छ । यसअघि, आज भएको अर्को खेलमा आयोजक वेस्ट इन्डिजले अमेरिकालाई ९ विकेटले पराजित गर्‍यो। यसभन्दा अघि, हिजो राति भएको खेलमा दक्षिण अफ्रिकाले इंग्ल्याण्डलाई 7 रनले पराजित गरेको थियो।